विधान द.नं र आ.व.:- .......(०७९/०८०)

# चौवास सल्ले निजी वन सञ्जाल

# विधान

## भुम्लु गाउँपालिका वार्ड नं. ४ र ५

## काभ्रेपलाञ्चोक

## ०७९/०८०

# श्री चौवास सल्ले निजी वन सञ्जालको विधान

## २०७९

### प्रस्तावनाः

चौवास सल्ले निजी वन सञ्जालको यो विधान स्थानिय सरकार संचालन ऐन २०७४ र भुम्लु गाउँपालिको संस्था दर्ता कार्यविधि २०७९ को अधिनमा रहि तयार गरिएको छ । संघिय वन ऐन २०७६ को परिच्छेद १० मा निजी वन सम्बन्धि प्रावधान रहेको, संघिय वन नियमावलीको परिच्छेद १० मा निजी वन व्यवस्थापनका अवधारणाहरु भएकोले यस गाउँपालिकाको वार्ड नं ४ र ५ रहेका निजी वन धनिहरुको श्रोतको परिचालन, व्यवसायीक निजी वनको स्थापना र विभिन्न सरोकारवाला निकायहरुसँग समन्वय गरी निजि वन धनिहरुको हक अधिकारको लागि यो निजी वन सञ्जाल स्थापना गरीएको छ । सञ्जालको कुनै कृयाकलापले नेपाल तथा कुनै विदेशी राष्ट्र, अर्न्तराष्ट्रिय संघ संगठनको सम्बन्धमा प्रतिकुल असर पर्ने वा नेपालको परराष्ट्र नीतिको वर्खिलापमा जाने वा नेपालको अखण्डता, सार्वभौमसत्ता, स्वतन्त्रता तथा शान्ति सुरक्षामा खलल पुग्ने कुनै काम कुरा नगर्ने प्रतिवद्धता जाहेर गर्दछौ ।

### परिच्छेद १

### प्रारम्भिक

**१.** **सञ्जालको नाम :** यस सञ्जालको नाम **चौवास सल्ले निजी वन सञ्जाल** हुनेछ ।

क) सञ्जालको कार्यालय रहने ठेगाना : यस सञ्जालको कार्यालय **काभ्रेपलाञ्चोक** जिल्ला भुम्लु गाँउपालीका वार्ड नं. ४ मा रहनेछ र कार्यालयको ठेगाना गाँउपालीकाको स्वीकृति लिई परिवर्तन गर्न सकिनेछ ।

ख) सञ्जालको कार्य क्षेत्र : यस सञ्जालको कार्य क्षेत्र भुम्लु गाउँपालिका वार्ड नं ४ र ५ हुने छ र गाउँपालिकासँग सहकार्य गरी सम्पुर्ण गाउँपालिकालाई कार्यक्षेत्र तोकिने छ ।

ग) प्रारम्भ : यो विधान सञ्जाल दर्ता भएको मिति देखि प्रारम्भ हुनेछ ।

घ) सञ्जालको अस्थित्व : यो सञ्जाल एक अविछिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, गैर नाफामुलक, गैर राजनीतिक तथा गैर सरकारी सञ्जाल हुनेछ । सञ्जालबाट आफ्नो उद्देश्य बाहेक आय आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गरिने छैन ।

**२.** **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा ।

क) विधान भन्नाले सञ्जालको **विधान २०७९** लाई संझनु पर्दछ ।

ख) सञ्जाल भन्नाले **चौवास सल्ले निजि वन सञ्जाल** लाई जनाउंछ ।

ग) साझेदार भन्नाले यस विधान बमोजिम संचालन गर्ने प्राकृतिक श्रोत (वन वातावरण) व्यवस्थापन कार्यक्रमलाई सघाउने संस्थाहरुलाई जनाउँछ ।

घ) समूह भन्नाले विभिन्न निकायमा विधिवत दर्ता भएका सामुदायिक विकास उपभोक्ताहरुको समूह, समुदायहरुलाई जनाउँछ ।

ङ)	साधारण सभा भन्नाले यस सञ्जालको निजी वन धनिहरुको  वार्षिक वा आवश्यकता अनुसारको सभालाई जनाउँछ ।

च)	पदाधिकारी वा कार्य समिती भन्नाले संजालका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यहरु लाई जनाउँछ ।

छ)	दातृ संथा भन्नाले राष्ट्रिय तथा अन्तराष्ट्रिय, सरकारी तथा गैह्सरकारी संस्थालाई जनाउँछ ।

ज)	स्थानीय निकाय भन्नाले जि.स.स., नगरपालिका तथा गाँउपालीका लाई जनाउँछ ।

झ)	उपसमिति भन्नाले यस विधान अनूरुप गठित विभिन्न उप-समितिहरुलाई सम्झनु  पर्दछ ।

ञ)	साधारण सभा भन्नाले यस विधानमा उल्लेख भए बमोजिमको गणपुरक संख्यामा सदस्यहरु उपस्थिती भई समुहको विभिन्न विषयमा छलफल गरिने सभालाई सम्झनु पर्दछ ।

३.	**सञ्जालको छाप र चिन्ह :** प्रचलित कानूनी व्यवस्थाको प्रतिकुल नहुनेगरी सञ्जालको एउटा छुट्टै छाप र चिन्ह हुनेछ । छाँप र चिन्ह अनुसूचि १ बमोजिमको ढाँचामा हुनेछ । तर सञ्जालको नाम, छाँप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्था संग मेल खाएमा संसोधनको प्रकृयाद्धारा तुरुन्त संसोधन गरिनेछ ।

## परिच्छेद २

## उद्देश्य

**४. सञ्जालको उद्देश्य :** यस सञ्जालको उद्देश्य देहाय बमोजिम हुनेछ ।

क)	यो सञ्जाल मुनाफा रहित जनहितकारी निजी वन धनिहरुको हक अधिकार सुनिश्चित गर्न संचालन हुनेछ ।

ख)	निजी वन धनिहरुलाई प्रविधि हस्तान्तरण गर्ने, श्रोत जुटाउने, व्यवसायीक निजी वन धनिको रुपमा विकास गरीने छ ।

ग)	प्राकृतिक श्रोतहरुको संरक्षण, व्यवस्थापन प्रवन्ध गर्ने । जलश्रोत तथा भू-संरक्षण तथा दीगो व्यवस्थापन गर्नका लागि आवश्यक कार्यक्रमहरु संचालन गर्ने ।

घ)	प्राकृतिक श्रोत एवं जलश्रोत व्यवस्थापन योजना कार्यान्वयन गर्न आवश्यक पर्ने श्रोत परिचालन गर्न सरकारी तथा गैह्र सरकारी राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ सञ्जालसंग सम्पर्क राख्ने, सहयोग जुटाउने र आवश्यक सम्झौता गर्ने ।

ङ)	बजारको खोजी, बस्तुको मुल्य श्रृखलाको विकास, सिप विकास, नर्सरी स्थापना, विरुवा उत्पादन, नयाँ सोचको विकास गर्ने ।

च)	ग्रामिण स्तरमा आवश्यक पर्ने प्राविधिक तथा दक्ष जनशक्तिहरुको परिपुर्ति गर्न आयमूलक तथा शिपमूलक तालिमको व्यवस्था मिलाई कार्यक्रम संचालन गर्ने ।

छ)	सामाजिक समाबेशीकरण, लैगिंक समानता तथा सामाजिक/वाताबरणीय सुरक्षर जस्ता कार्यक्रमहरु गर्ने ।

ज)	वन ऐन तथा नियमावली बमोजीम गरीने वन, वातावरण, वन्यजन्तु आदी कार्यहरुमा सहजीकरण

गर्ने गराउने ।

**५. सञ्जालको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः** यस सञ्जालको उपरोक्त उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्नेछ ।

क) सञ्जालले प्रचलित नेपाल कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति वा ईजाजत प्राप्त गरेर मात्र उपरोक्त उद्देश्य कार्यान्वयन गर्नेछ ।

ख) सञ्जाललाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिन दिन सक्नेछ । कम्प्युटर, टेलिफोन, टाइपराइटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

ग) सञ्जाललाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्न तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्नेछ ।

घ) सञ्जालमा प्राप्त रकम बैङ्क खाता संचालन गर्नेछ ।

ङ) बिधानको परिधी भित्र रहि अन्य आवश्यक कार्यक्रमहरु संचालन गर्ने छ ।

## परिच्छेद ३

## सदस्यता

**६. सदस्यताको वर्गीकरण :**

**क) साधारण सदस्य :** यस विधानको दफा ७ बमोजिम योग्यता पुगेको भुम्लु गाउँपालिका वार्ड नं. ४ र ५ निवासी नेपाली नागरिकले तोकिएको प्रकृया अन्तर्गत रहि आवेदन गरेमा सञ्जालको सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुनेछन् । गाउँपालिकासँग समन्वय गरी गाउँपालिका सबै निजी वन धनिहरुलाई समेत सदस्य बनाउन सकिने छ ।

**ख) अनिवार्यता :** सञ्जालको साधारण सदस्य हुन भुम्लु गाउँपालिका वार्ड नं ४ र ५ भित्र आफ्नो निजी जग्गामा कम्तीमा १ रोपनी क्षेत्रमा १० से.मी. भन्दा बढी व्यास भएका ५० भन्दा बढी वन जन्य रुखहरु हुनु पर्ने, प्राकृतिक विरुवाहरुको संरक्षण गरेको, वन वातावरण क्षेत्रमा कार्य गर्ने प्रतिबद्धता भएको हुनु पर्ने छ । गाउँपालिकासँग समन्वय गरी गाउँपालिका सबै निजी वन धनिहरुलाई माथि उल्लेखित सर्तहरुमा समेत सदस्य बनाउन सकिने छ ।

**७. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता :**

क) भुम्लु गाउँपालिका भित्र निजी वन हुर्काएको नेपाली नागरिक भएको ।

ख) १६ वर्ष उमेर पुरा गरेका ।

ग) मानसिक सन्तूलन ठिक भएको ।

घ) सार्बजनिक सम्पत्ती हिनामिना गरेको नठहरेको ।

ङ) नैतिक पतन देखिने फौज्दारी र भष्ट्राचारीको अभियोगमा सजाय नपाएको ।

च) सञ्जालको उद्देश्य पूर्तिका लागि निश्वार्थ भावनाले सेवा गर्न चाहने ।

**८. सदस्यताको समाप्ति :**

१. देहायको अवस्थामा कुनै व्यक्ति सञ्जालको सदस्यमा बहाल रहने छैन ।

क) यस विधानको दफा ८ बमोजिम सदस्य प्राप्त गर्न नसक्ने भएमा,

ख) साधारण सभाबाट ७५% को बहुमतले सञ्जालको सदस्य पदबाट हटाउने प्रस्ताव पास गरेमा वा सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा,

ग) सञ्जालको काम कारवाहिमा बेइमानी वा बदनियत पुर्ण कार्य गरेको कुरा अदालतबाट प्रमाणित भएमा र यस विधान बमोजिम सञ्जालले गर्नु नहुने भनि तोकिएको कुनै कार्य गरेमा,

घ) सदस्यको मृत्यु भएमा, विना सूचना तिन पटक वार्षिक साधारण सभामा र कार्य समितिको बैठकमा अनुपस्थित भएमा,

२. कुनै व्यक्तिका सम्वन्धमा सञ्जालको सदस्यमा प्राप्त गर्न वा वाहल रहन अयोग्य ठहराउनु भन्दा अघि सञ्जालले निजलाई सो कुराको सूचना दिई, सफाईको सवुद पेश गर्ने मौका दिईने छ ।

**९. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधिः**

क) सञ्जालले वार्ड नं ४ र ५ मा भएका निजी वन धनिहरुको अभिलेख गरी सदस्य वनाउन सक्ने छ र प्रवेश शुल्क रु. २०० तथा नविकरण शुल्क रु. २५ बुझाई सदस्य हुन सक्नेछन् ।

ख) सदस्यले बार्षिक रुपमा निजी वनबाट निकासी गरेको वन पैदावारहरुको आधारमा साधारण सभाबाट निर्धारण गरिए बमोजिमको वार्षिक रुपमा अतिरिक्त शूल्क बूझाउनु पर्नेछ ।

## परिच्छेद ४

## साधारण सभा, कार्य समिति तथा बैंठक सम्बन्धि व्यवस्थाः

**१०. साधारण सभाको गठन :**

१. यस विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने सदस्यहरुको साधारण सभा सञ्जालको सर्वोच्च अंग हुनेछ ।

२. यस सञ्जालको साधारण सभा देहाय बमोजिम हुनेछ ।

क) वार्षिक साधारण सभा : बर्षको कम्तीमा एक पटक बार्षिक साधारण सभा बस्नेछ ।

ख) विशेष साधारण सभा : कूल सदस्य संख्याको १/४ (एक चौथाई) सदस्यहरुले कारण खुलाई विशेष साधारण सभाले माग गरेमा, कार्य समितीले कम्तीमा ७ (सात) दिन भित्र अनिवार्य रुपमा विशेष साधारण सभा बोलाउनु पर्दछ । तर साधारण सभा वा विशेष साधारण सभा बसेको छ महिना भित्र पुनः विशेष साधारण सभा बस्न बाध्य हुने छैन ।

३) यस सञ्जालको प्रथम वार्षिक साधारण सभा संचालन भएको आ.व.समाप्त भएको मितिले ६ महिना भित्रमा गरिनेछ र त्यस पछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले ३ (तीन) महिना भित्र गरिनेछ ।

४) यस सञ्जालको वार्षिक साधारण सभा गर्नका लागि कम्तिमा १५ दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यहरुलाई अनिवार्य रुपले सूचना दिइनेछ ।

५) उप दफा (३) बमोजिम बोलाएइको साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १७ बमोजिमको गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ दिनको म्याद दिई पुनः साधारण सभा बोलाइनेछ ।

**११. साधारण सभाको काम कर्तव्य र अधिकारः** साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) सञ्जाल समितिले पेश गरेको योजना कार्यक्रमहरु र बार्षिक वजेट पारीत गर्ने ।

ख) लेखा परिक्षकबाट प्राप्त भएको बार्षिक लेखा परीक्षण प्रतिबेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखा परीक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरुजु रकमहरु माथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरु अशुल उपर गरी फछर्यौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने ।

ग) आगामी बर्षको लागि लेखा परीक्षकको नियुक्ती गर्ने ।

घ) सञ्जालको बार्षिक कार्य प्रगति विवरण र सञ्जालले गरेको कार्यहरुको मूल्याङ्कन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

ङ) सञ्जालको कार्य समितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्य समिति पदाधिकारीहरुको विधान बमोजिमको प्रकृया अन्तर्गत रही निर्वाचन गर्ने ।

च) कार्य समितिद्धारा पेश भएका विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने ।

छ)	सञ्जालको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्य समितिले पेश गरेको कर्मचारीहरुको दरवन्दी, पारिश्रमिक भत्ता तथा अन्य सुविधाहरुमा आवश्यकता अनुरुप स्वीकृति प्रदान गर्ने ।

ज)	यस विधानमा उल्लेखित उद्देश्य अनुसारको अन्य कार्य गर्ने गराउने ।

**१२. कार्य समितिको गठन :**

१.	साधारण सभाका सदस्यहरुबाट निर्वाचित देहाय बमोजिमको पदाधिकारीहरु रहने गरी ७ सदस्यीय एक कार्य समिति गठन गरिने छ ।

अध्यक्ष - १

उपाध्यक्ष - १

सचिव - १

कोषाध्यक्ष - १

सदस्यहरु - ३

२)	कार्य समितिको कार्यकाल २ वर्ष हुनेछ ।

३)	वार्षिक साधारण सभा हुनभन्दा अगावै कार्य समितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्य समितिका सदस्यको मनोनयन कार्य समितिद्धारा गर्न सकिनेछ । यसरी सो पदमा निर्वाचन भएको सदस्यको कार्यकाल जुन सदस्य पद रिक्त भएको हो सो सदस्य बाँकी कार्यकालसम्मको लागि मात्र हुनेछ तर अन्य पदहरुको लागि विधान बमोजिम बाँकी अवधिको निमित्त निर्वाचन प्रकृयाद्धारा पद पूर्ति गरिनेछ ।

४)	कार्य समितिको बैंठक आवश्यकताअनुसार कार्य समितिको अध्यक्षले बोलाउने छ । तर कार्य समितिको पदाधिकारीहरुको जम्मा सदस्य संख्याको ५१ प्रतिशत सदस्यले बैठक बोलाउन माग गरेमा अध्यक्षले कार्य समितिको बैंठक तुरुन्त बोलाउनु पर्नेछ ।

५)	कार्य समितिका पदाधिकारी तथा सदस्यहरुको कुल संख्याको ५१ प्रतिशत सदस्यहरु उपस्थित नभई कार्य समितिको बैंठक हुने छैन ।

६)	कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

७)	कार्य समितिको बैंठकमा छलफल भएको विषय तत्तसम्बन्धमा भएको निणर्यको विवरण (माइन्युट)

छुट्टै  निर्णय किताबमा लेखि राख्नु पर्नेछ र सो निर्णय विवरणमा बैंठकमा उपस्थित सदस्यले (कम्तिमा ५१ प्रतिशतले) सहि गर्नु पर्नेछ तर निर्णयमा असहमति जनाउनेहरुले कैफियत खोली सही गर्नु पर्नेछ।

८) सञ्जालले गर्ने भनिएको सम्पुर्ण कार्य कार्य समितिको निर्णयबाट हुनेछ।

**१३. कार्य समितिको काम, कर्तव्य र अधिकार :** कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

१. सञ्जालको आगामी वर्षको बार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने,

२. विधान बमोजिमको व्यवस्था पालन गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने गराउने,

३. सञ्जालको हितमा हुने कार्यक्रमहरु संचालन गर्ने,

४. साधारण सभा प्रति उत्तरदायी रहने,

५. सञ्जालको उद्देश्य प्राप्तिका लागि उपलब्ध साधन र श्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने,

६. सञ्जालको कार्य सम्पादन गर्न कार्य योजना बनाउने, श्रोत जुटाउने, कार्यान्वयन, सुपरिवेक्षण र अनुमन गर्ने,

७. सञ्जालको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली संचालन गर्ने,

८. सञ्जालको कर्मचारीहरुको सेवा शर्त र सुविधा अदि सम्वन्धी कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागु गर्ने गराउने,

९. सञ्जालको उद्देश्य परिपुर्तिको लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरुको सल्लाहकार समिति तथा अन्य समिति, उप-समिति गठन गर्ने र आवश्यकता अनुरुप कार्यको बाँडफाँड गरी दिने,

१०. सञ्जालको नेतृत्वदायी भूमिका निर्वाह गर्ने।

**१४. पद त्याग गर्न सक्ने :** अध्यक्षले कार्य समिती वैठकबाट र अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजीनामा दिई पद त्याग गर्न सक्ने छन्।

**१५. अन्य समितिहरु :**

१. यस विधानको परिधि भित्र रहेर सञ्जालको कार्य संचालनको लगि कार्य समितिले आवश्यकता अनुसार अन्य समिति वा उप-समिति गठन गर्न सक्ने छ तर सो साधारण सभाको बैठकद्धारा अनुमोदन गराउनु पर्नेछ।

२.	उप-समितिको कार्यहरु कार्य समितिले तोकिदिए बमोजिम हुनेछ ।

## परिच्छेद ५

## कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

**१६. कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :** समुहका कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हूनेछ ।

**१) अध्यक्षको काम, कर्तव्य र अधिकार :**

क)	समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक संचालन गर्ने,

ख)	निर्णायक मत दिने,

ग)	सञ्जालको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधित्व तोक्ने,

घ)	सञ्जालको नेतृत्व दिने,

ङ)	आवश्यकता अनुसार बैठक बोलाउन  निर्देशन दिने,

च)	अन्य पदाधिकारी एंव सदस्यहरुलाई कामको बाँडफाँड गर्ने,

छ)	अभिलेख प्रमाणित गर्ने,

ज)	बैदेशिक तथा आन्तरिक सञ्जालहरु संग सम्वन्ध राख्दा आवश्यक सम्झौता गर्ने,

झ)	कुनै पदाधिकारीको अनुपस्थितीका सो पदाधिकारीले गर्ने काम अन्य कुनै पदाधिकारी वा सदस्यलाई गराउन लगाउने,

ञ)	सञ्जालको संम्पत्तीको संरक्षण, रेखदेख र नियन्त्रण गर्ने ।

**२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) अध्यक्षलाई सहयोग गर्ने,

ख) अध्यक्षले दिएको जिम्मेवारी पुरा गर्ने,

ग) अध्यक्षको अनुपस्थिति वा अन्य कुनै कारणले निजले काम संपादन गर्न नसकेको अवस्थामा अध्यक्षले गर्ने सबै कार्य गर्ने,

**३) सचिवको काम, कर्तव्य र अधिकार :**

क)	संस्थाको सचिवालयको रेखदेख र संचालन गर्ने,

ख)	अध्यक्षको निर्देशन अनुसार बैठक र सभा बोलाउने,

ग)	अभिलेख सुरक्षीत राख्ने,

घ)	अध्यक्षले दिएको अन्य जिम्मेवारी पुरा गर्ने,

ङ)	संस्थाको गोपनियता कायम गर्ने,

च)	जिन्सी वा नगद सामानको लगत राख्ने,

छ)	मासिक रुपमा संस्थाबाट भए गरेका कामहरुको प्रतिबेदन तयार गरी कार्य समिति समक्ष पेश गर्ने ।

**३) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार** :

क)	संस्थाको कोषको रेखदेख र संचालन गर्ने,

ख)	साधारण सभामा बार्षिक कार्यक्रम र बजेट पेश गर्ने,

ग)	लेखा दुरुस्त राख्ने,

घ)	नियमित रुपमा बार्षिक लेखापरिक्षण गराउने,

ङ)	चल अचल सम्पत्तिको जिम्मेवारी बहन गर्ने,

च)	कुनै पनि निकायबाट संस्थाको लेखा सम्वन्धी प्रतिबेदन माग गरेमा तयार गरी पेश गर्ने ।

**४) सदस्यको काम, कर्तव्य र अधिकारः**

क)	समितिको बैठकमा सक्रिय सहभागिता जनाउने,

ख)	सञ्जालको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने,

ग)	अध्यक्षले तोकेको अन्य कार्य गर्ने,

घ)	सञ्जालको उद्देश्य पूर्तिका लागि आवश्यक सहयोग र पहल गर्ने ।

**१७. गणपुरक सञ्जालः**

१.	कुल सदस्य संख्याको ५१ (एकाउन्न) प्रतिशत साधारण सदस्यहरु उपस्थित नभई साधारण सभाको काम कारवाही हुने छैन ।

२.	सम्पूर्ण सदस्य संख्याको ५१ प्रतिसत सदस्यहरु उपस्थित नभई साधारण सभाको बैठक बस्न सक्ने छैन । तर यसरी बोलाइएको गणपूरक संख्या नपुगी पुनः बोलाइएको दोश्रो बैठकमा ५१ प्रतिसत सदस्यहरु उपस्थित नभएमा पनि साधारण सभाको बैठक बस्न सक्नेछ ।

## ***परिच्छेद ६***

## **आर्थिक व्यवस्था**

**१८. सञ्जालको कोष :**

१. सञ्जालको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरु जम्मा हुनेछन् ।

क)	सदस्यता शुल्क वापत प्राप्त रकम,

ख)	कसैले स्वेच्छाले दिएको अनुदान, सहायता वापत प्राप्त रकम,

ग)	सञ्जालको चल/अचल सम्पत्ति वा अन्य वस्तुको विकिबाट प्राप्त रकम,

घ)	विदेशी संस्था व्यक्ति वा अन्तराष्ट्रिय संघबाट सहयोग वापत प्राप्त रकम,

ङ)	स्थानिय निकायबाट प्राप्त अनुदान वा सहयोग रकम,

च)	सञ्जालद्धारा संचालित कार्यक्रमहरुबाट उठेको आर्थिक सहयोग बापतको रकमहरु ।

**१९. खाता संचालन :** सञ्जालको अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था गरिनेछ ।

**२०. कोषको रकम खर्च गर्ने तरिका :** सञ्जालमा प्राप्त रकम खर्च गर्दा देहाय बमोजिम तरिका अपनाई खर्च गरिने छ ।

क)	स्थानिय बैंकमा जम्मा गरी बैंक खाता संचालन गरिने छ ।

ख)	कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नु पर्नेछ ,

ग)	कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नुपर्ने छ ।

**२१. सञ्जालको लेखा र लेखा परीक्षण :**

१.	सञ्जालको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम स्पष्ट तवरले राखिने छ ।

२.	सञ्जालको लेखा परीक्षण प्रचलित कानुन वमोजिम रजिष्टर्ड लेखा परीक्षकबाट हुनेछ ।

३.	नेपाल सरकार वा स्थानिय अधिकारीले चाहेमा जुनसुकै बखत पनि आफै वा मातहतका कर्मचारीहरु खटाई सञ्जालको हिसाब किताव जाँच वा जचाँउन सक्नेछ ।

४.	लेखा परीक्षकको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ । तर, प्रथम वार्षिक साधारण सभा नभएसम्म लेखा परीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

५.	सञ्जालको लेखा परीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरण १/१ प्रति सम्वन्धित निकायमा पेश गरिने छ ।

## ***परिच्छेद ७***

## विधान संशोघन सम्वन्धी व्यवस्था

**२२. विधान संसोधन :**

कुल सदस्य संख्याको दुई तिहाई सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र सञ्जालको कुनै दफा संसोधन वा खारेजका लागि गाउँपालिका समक्ष सिफारिस गरी उठाउनु पर्ने छ । गाउँपालिकाबाट स्वीकृत भए पश्चात मात्र सञ्जालको कुनै दफा संसोधन वा खारेज भएको मानिनेछ ।

**२३. नियम बनाउन सक्ने :**

क. सञ्जालले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम बनाउन सक्नेछ र सो नियम साधारण सभाबाट परित गराई लागु हुनेछ र गाउँपालिकालाई सो को जानकारी दिनु पर्नेछ ।

ख. यो विधान र विधान अन्तर्गत बनेको नियमको अधीनमा रही सञ्जालको कार्य संचालन र उद्देश्य कार्यान्वयनका लागि कार्य समितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धी विनियम बनाई लागू गर्न सक्नेछ । त्यस्तो विनियमहरु साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

**२४. कर्मचारीको व्यवस्था :**

क. सञ्जालको दैनिक कार्य संचालन र योजना तथा कार्यक्रम संचालनको लागि कर्मचारी दरवन्दी सिर्जना, परिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

ख. सञ्जालले विदेशी सहयोग प्राप्त गरी सञ्जालको संचालन एंव कार्यान्वयन गर्न विदेशी सल्लाहकार वा स्वयंम सेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि, पुचाउने सेवा, कामको औचिंत्य, सुविधा र तिनको योग्यता समेतको विवरण गाउँपालिकालाई जानकारी गराइने छ ।

**२५. सञ्जालको खारेजी :**

१. साधारण सभाले आवश्यक देखेमा विशेष पारित गरी सञ्जाल खारेज गर्न सक्नेछ ।

२. उपनियम (१) बमोजिम खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका जागि एक वा एकभन्दा बढी लिक्विडेटरहरु र सञ्जालको हिसाबकिताब जाँच गर्नका लागि एक वा एक भन्दा बढी लेखा परीक्षकहरु नियूक्त गर्न सक्नेछन् । लिक्विडेटर र लेखापरीक्षकको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

३. उपनियम (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखा परीक्षकले सञ्जाल खारेज सम्बन्धी काम कारवाहि गर्नेछन् ।

४. यसरी कारणवश सञ्जाल विघठन भई खारेज भएमा सञ्जालको दायित्वको फरफारक गरी बाँकी रहने सम्पूर्ण जायजेथा स्वतः नेपाल सरकारको हुनेछ ।

**२६. ऐन अनुसार हुने :** यस विधानमा उल्लेख नभएका कुराहरु कानून बमोजिम हुनेछ र सञ्जाल दर्ता ऐन, नियम र प्रचलित कानून सँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछन् ।

**२७. विविध :**

क) यो सञ्जाल स्थापना गरी दर्ता गराउनेको लागि गठित तदर्थ समितिले सो अवधिमा कार्य समितिले गरेको कामहरु यसै विधान अनुसार भएको मानिनेछ ।

ख) यस सञ्जाल राष्ट्रिय वा अन्तराष्ट्रिय स्तरको महासंघ, सञ्जाल वा संघसंस्थाको सदस्य हुन चाहेमा कार्यसमितीको निर्णयानुसार सदस्य प्राप्त गर्न सक्नेछ ।

## चौवास सल्ले निजी वन सञ्जालका पदाधिकारीहरुको नामावली

| क.सं | पद | नाम थर | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री नेत्र बहादुर कुँवर | भुम्लु ४ काभ्रेपलाञ्चोक | |
| २ | उपाध्यक्ष | श्री भवानी क्षेत्री | भुम्लु ४ काभ्रेपलाञ्चोक | |
| ३ | सचिव | श्री सुदर्शन खड्का | भुम्लु ५ काभ्रेपलाञ्चोक | |
| ४ | कोषाध्यक्ष | श्री शकुन्तला तामाङ | भुम्लु ५ काभ्रेपलाञ्चोक | |
| ५ | सदस्य | श्री सुर्य बहादुर तामाङ | भुम्लु ४ काभ्रेपलाञ्चोक | |
| ६ | सदस्य | श्री लोक बहादुर कुँवर | भुम्लु ४ काभ्रेपलाञ्चोक | |
| ७ | सदस्य | श्री विनोद कुमार लामा | भुम्लु ५ काभ्रेपलाञ्चोक | |

## अनुसूचि - १

### <u>सञ्जालको छाप र चिन्हको विवरण</u>

चौवास सल्ले निजी वन सञ्जाल

भुम्लु गाउँपालिका वार्ड नं. ४ र ५, काभ्रेपलाञ्चोक, २०७९